शिवालय गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड : ९ संख्या : ११ ०६ चैत्र २०८२

## भाग-२

**शिवालय गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालयको**
**सूचना**

# शिवालय गाउँपालिकाको कर्मचारी कल्याण कोष सञ्चालन कार्यविधि, २०८२

कार्यपालिकाबाट स्वीकृत मिति २०८२।१२।०५

**प्रस्तावनाः**

संघीयता कार्यान्वयन गर्नु भन्दा पहिलो स्थानीय स्वायत्त शासन नियमावली, २०५६ को नियम २६५ ले कर्मचारी कल्याण कोषको नाममा स्थापना हुने अक्षय कोषमा स्थानीय निकायले प्रत्येक वर्ष कम्तीमा आफ्नो कार्यालयलाई आवश्यक पर्ने एक महिनाको तलब बरावरको रकम जम्मा गर्नुपर्ने र यो कोषबाट स्थानीय निकायका कर्मचारीहरुलाई उपदान दिइने व्यवस्था गरेको थियो । संघीयता कार्यान्वयन पश्चात् जारी भएको स्थानीय सरकार संचालन ऐनको दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका कर्मचारीहरु अवकाश हुँदा दिनुपर्ने सुविधाका लागि एक अवकाश कोषको व्यवस्था गरी गर्नुपर्ने प्रावधान राखेको छ । स्थानीय तहहरुले कर्मचारी कल्याणकोषमा छुट्टै रकम राखी सो कोषको परिचालन गर्दै आएका र अवकाश हुने कर्मचारीले सोही कोषबाटनै अवकाश पछिको सुविधा लिदै

आएका छन् । कर्मचारी कल्याण कोषमा जम्मा हुने रकमको सुरक्षण, कल्याण कोषको रकमको परिचालन, वृद्धि, उपयोग र सञ्चालन गर्ने विधिमा स्पष्टता ल्याउन वाञ्छनीय भएकोले,

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी पञ्चपुरी नगरपालिकाबाट पञ्चपुरी नगरपालिकाको “कर्मचारी कल्याण कोष सञ्चालन सम्बन्धी कार्यविधि, २०८२” तयार गरी लागु गरिएको छ ।

## परिच्छेद-१
## संक्षिप्त नाम र प्रारम्भ एवं उद्देश्य

**२. संक्षिप्त नाम र प्रारम्भः** (१) यो कार्यविधिको नाम शिवालय गाउँपालिकाको “कर्मचारी कल्याण कोष सञ्चालन सम्बन्धी कार्यविधि, २०८२” रहेको छ ।

(२) यो कार्यविधि शिवालय गाउँपालिकाको गाउँ कार्यपालिकाबाट स्वीकृत भई स्थानीय राजपत्रमा प्रकाशन भएको मितिदेखि प्रारम्भ हुनेछ ।

**३. परिभाषा र व्याख्याः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः**

(क) “शिवालय गाउँपालिका कार्यालय“ भन्नाले स्थानीय सरकार संचालन ऐन २०७४ अन्तर्गत गठन भएको शिवालय गाउँपालिकाको कार्यालयलाई सम्झनु पर्दछ ।

(ख) “कोष“ भन्नाले शिवालय गाउँपालिकाको“स्थानीय संघीयता लागु हुनु पुर्व देखि नै स्थानीय स्वायत्त शासन नियमावली २०५६ को नियम २६५ अनुसार सेवा प्रवेश गरी कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम समायोजन भएका कर्मचारीहरुको कल्याणको लागि स्थापना गरेको कोष सम्झनु पर्दछ ।

(ग) ऐन“ भन्नाले स्थानीय सरकार संचालन ऐन, २०७४ सम्झनु पर्दछ ।

(घ) “सभा“ भन्नाले/स्थानीय सरकार संचालन ऐन, २०७४ बमोजिम गठन भएको गाउँ सभा सम्झनु पर्दछ ।

(ङ) “कार्यपालिका“ भन्नाले स्थानीय सरकार ऐन, २०७४ बमोजिम गठित शिवालय गाउँ कार्यपालिका सम्झनु पर्दछ ।

च) “सञ्चालक समिति“ भन्नाले शिवालय गाउँपालिकाकोकर्मचारी कल्याण कोष संचालन कार्यविधि, २०८२ बमोजिम कोष सञ्चालनको लागि गठन भएको सञ्चालक समिति सम्झनु पर्दछ।

(छ) “कर्मचारी“ भन्नाले साविक स्थानीय निकायहरु (नगरपालिका, गाउँ विकास समितिहरु, जिल्ला विकास समिति) मा स्थायी नियुक्ती पाइ समायोजन भएर शिवालय गाउँपालिकामा कार्यरत स्थायी कर्मचारी सम्झनु पर्दछ ।

(ज) "आर्थिक वर्ष" भन्नाले श्रावण (१) गतेबाट शुरु भई आषाढ मसान्तमा समाप्त हुने अवधिलाई सम्झनुपर्दछ ।

(झ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले शिवालय गाउँपालिकाको सचिवको रुपमा काम काज गर्न तोकिएको अधिकारीलाई जनाउनेछ ।

(ञ) "मन्त्रालय" भन्नाले संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई सम्झनु पर्दछ । सो शब्दले कर्णाली प्रदेशको मुख्यमन्त्री तथा मन्त्रिपरिषद् को कार्यालयलाई समेत जनाउनेछ ।

(ट) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले कार्यपालिकाले निर्णय गरी समय समयमा तोकिएको वा तोकिए बमोजम सम्झनु पर्दछ ।

**४. उद्देश्य :** यस कार्यविधिको उद्देश्य देहाय बमोजिम हुनेछ,

(क) शिवालय गाउँपालिकाको कार्यालयमा स्थापना भएको कर्मचारी कल्याण कोषको परिचालन गर्ने,

(ख) कर्मचारी कल्याण कोषमा जम्मा भएको रकमबाट शिवालय गाउँपालिकामा कार्यरत कर्मचारीहरुका लागि उपदान तथा अन्य आवश्यक सुविधाको व्यवस्था गर्ने,

(ग) कर्मचारी कल्याण कोषको सञ्चालन, परिचालन तथा बृद्धि सम्बन्धी व्यवस्था यसै कार्यविधि अनुसार गर्ने गराउने व्यवस्था मिलाउने,

(घ) कर्मचारी कल्याण कोष सञ्चालन प्रक्रियामा एकरुपता ल्याउँदै स्पष्ट, पारदर्शी तथा व्यवस्थित कोष सञ्चालन प्रकृयाको स्थापना गर्ने ।

## परिच्छेद-२

## कल्याण कोषको स्थापना सम्बन्धी व्यवस्था

**५. कल्याण कोषको स्थापनाः**

(क) विगतमा स्थानीय स्वायत्त शासन नियमावली, २०५६ को नियम २६५ मा रहेको व्यवस्था बमोजिम शिवालय गाउँपालिकामा कर्मचारी कल्याण कोष नामको एक कोष रहने छ। यो कार्यविधि तयार हुनभन्दा अगाडी स्थानीय स्वायत्त शासन नियमावली २०५६ को नियम २६५ अनुसार जम्मा भएको रकम समेत यसै कोषको रकम मानिनेछ ।

(ख) यस कोषमा देहाय बमोजिमका रकमहरू जम्मा हुनेछः

(१) शिवालय गाउँपालिकाको कर्मचारी कल्याण कोषको लागि हालसम्म छुट्याइएको सम्पूर्ण रकम,

(२) प्रत्येक आर्थिक वर्षमा कर्मचारीका लागि भुक्तानी गरिने कम्तिमा एक

महिनाको तलव बराबरको रकम,

(३) शिवालय गाउँपालिकाबाट कोषलाई अनुदान स्वरूप प्राप्त हुने रकम,

(४) कोषको सञ्चित पूँजीलाई परिचालन गर्दा त्यसबाट प्राप्त हुने थप रकम,

(५) कोषको रकम ऋण लगानी गरी त्यसबाट प्राप्त हुने साँवा तथा व्याज रकम,

(६) कुनै व्यक्ति, संस्था, निकायद्वारा कोषलाई प्राप्त हुने सहयोग वा अनुदान रकम,

(ग) कोषमा जम्मा भएको रकम बैंकमा "शिवालय गाउँपालिकाको कर्मचारी कल्याण कोष" नामक खाता खोली आर्थिक कारोवार सञ्चालन गर्नुपर्नेछ ।

**६. सदस्यताः**

(क) स्थानीय स्वायत्त शासन नियमावली २०५६ को नियम २६५ अनुसार सेवा प्रवेश गरी कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम समायोजन भएका कर्मचारी स्वतः कर्मचारी कल्याण कोषको सदस्य हुनेछन् । प्रत्येक सदस्यको अभिलेख अनुसूची-१ बमोजिमको सदस्यता दर्ता किताब खडा गरी अभिलेख राखुपर्नेछ ।

(ख) प्रत्येक सदस्यहरूलाई कोषमा रकम जम्मा गरेको अभिलेख स्वरुप अनुसूची-२ बमोजिमको कोष जम्मा किताब (पासबुक) उपलब्ध गराउनु पर्नेछ ।

(ग) सदस्यता प्राप्त स्थायी कर्मचारी जुनसुकै कारणबाट सेवा निवृत्त भएतापनि सेवा निवृत्त भएपछि सदस्यताको स्वतः समाप्ति हुनेछ ।

**७. खाता सञ्चालनः**

(क) कोषमा जम्मा भएको सम्पूर्ण रकम कार्यालयमा नगद मौज्दातमा नराखी बैंकमा राखुपर्नेछ । कोषसँग सम्बन्धित सबै कारोबार बैंक मार्फत गर्नुपर्नेछ ।

(ख) कोषको आर्थिक कारोवार प्रमुख प्रशासकीय अधिकृत र लेखा अधिकृतको संयुक्त दस्तखतबाट बैंक खाता सञ्चालन गर्नुपर्नेछ ।

**८. कोषको प्रयोगः** कर्मचारी कल्याण कोषको रकम देहाय बमोजिमका कामको लागि प्रयोग गर्न सकिनेछ,

(क) कर्मचारीले उमेरको कारणले अवकाश पाएमा वा जुनसुकै तवरले नोकरीबाट अलग भएमा स्थानीय स्वायत्त शासन नियमावली, २०५६ को

नियम २६० वा अन्य प्रचलित कानून अनुसार निजले उपदान पाउने रहेछ भने त्यस्तो उपदान बमोजिम पाउने रकम,

(ख) कुनै कर्मचारीलाई दैवी प्रकोप वा दुर्घटनाको कारण वा अन्य कारणबाट आर्थिक संकट परेमा सञ्चालक समितिले तोकेको न्यूनतम व्याज दरमा कार्यपालिकाले स्वीकृत गरेको रकम,

(ग) सेवामा वहाल रहँदै कुनै कर्मचारीको मृत्यु भएमा निजको परिवारलाई आर्थिक सहयोगको रूपमा गाउँ कार्यपालिका बैठकबाट निर्णय भए बमोजिम आर्थिक सहायता बापतको एकमुष्ट रकम,

(घ) कुनै कर्मचारी वा नीजको परिवारको कुनै सदस्यको मृत्यु भएमा सञ्चालक समितिको सिफारिसमा कार्यपालिकाले स्वीकृत गरेको दाहसंस्कार र किरिया खर्च बापतको रकम ।

## परिच्छेद-३
## सञ्चालक समितिको गठन र बैठक

**९. सञ्चालक समितिको गठन विधिः** कर्मचारी कल्याण कोषको सञ्चालन तथा व्यवस्थापनको लागि देहाय बमोजिमका पदाधिकारीहरू रहने गरी एक सञ्चालक समितिको गठन गरिनेछः

| | |
|---|---|
| (क) प्रमुख प्रशासकीय अधिकृत | संयोजक |
| (ख) गाउँपालिकाको प्रशासन शाखा प्रमुख | सदस्य |
| (ग) गाउँपालिकाका अधिकृत तहका कर्मचारीहरूमध्ये संयोजकले मनोनयन गरेको १ जना कर्मचारी | सदस्य |
| (घ) आर्थिक प्रशासन शाखाको प्रमुख | सदस्य सचिव |

**१०. सञ्चालक समितिको बैठकः** सञ्चालक समितिको बैठकको व्यवस्थापन देहाय बमोजिम गरिनेछ,

(क) सञ्चालक समितिको बैठक कम्तिमा एक आर्थिक बर्षमा एकपटक बस्नु पर्नेछ । संयोजकले तोकेको समयमा गाउँपालिका कार्यालयमा सञ्चालक समितिको बैठक बस्नुपर्नेछ ।

(ख) बैठकको निर्णय सामान्यता सर्वसम्मत रूपमा गर्नुपर्नेछ । यदि सर्वसम्मत रूपमा निर्णय हुन नसकेमा बहुमतको निर्णयलाई सञ्चालक समितिको निर्णयको रुपमा मान्नुपर्नेछ । कुनै विषयमा बहुमतबाट निर्णय हुन नसकी मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिन सक्नेछ ।

(ग) समितिले बैठकमा कुनै व्यक्तिलाई विशेषज्ञको रूपमा आमन्त्रण गर्न सक्नेछ

तर त्यस्ता विशेषज्ञलाई मतदान गर्ने अधिकार हुनेछैन ।

(घ) सञ्चालक समितिको बैठकमा भएको काम कारबाही तथा निर्णय सञ्चालक समितिमा कुनै पद रिक्त भएको वा कुनै सदस्य अनुपस्थित भएको कारणले मात्र अवैध हुनेछैन ।

(ङ) सञ्चालक समितिको बैठकमा भाग लिदा प्रचलित कानूनमा व्यवस्था भए बमोजिमको बैठक भत्ता उपलब्ध गराइनेछ ।

(च) सञ्चालक समितिको प्रशासनिक खर्च नगरपालिकाले व्यहोर्नु पर्नेछ । यस कोषबाट प्रशासनिक काममा खर्च गरिने छैन ।

(छ) बैठकको गणपूरकः संख्याः कर्मचारी कल्याण कोष सञ्चालक समितिको बैठकको गणपूरक संख्या पुग्न कुल सदस्य संख्याको कम्तीमा ५० प्रतिशत सदस्यको उपस्थिति भएको हुनुपर्नेछ ।

## परिच्छेद-४
## आर्थिक सहयोग तथा ऋण

**११. आर्थिक सहयोग तथा ऋण पाउनेः** (१) एक आर्थिक वर्षमा कम्तिमा छ महिना गाउँपालिकामा सेवा गरेको स्थायी कर्मचारीले मात्र कोषबाट आर्थिक सहयोग वा ऋणको माग गर्न सक्नेछन् ।

(२) आर्थिक सहायता वा ऋण रकम उपलब्ध गराउँदा ऋण माग गर्ने कर्मचारी को मागको औचित्यता हेरी समितिले स्वीकृति वा अस्वीकृत गर्नेछ ।

**१२. आर्थिक सहयोग वा ऋण नपाउनेः** देहायका कर्मचारीले कर्मचारी कल्याण कोषबाट आर्थिक सहयोग वा ऋण पाउने छैन ।

(क) यस कार्यविधि बमोजिम कर्मचारी भनि तोकिएका कर्मचारी बाहेकका व्यक्ति,

(ग) ज्यालादारी वा अतिरिक्त समय काम गर्ने कर्मचारी,

(घ) अस्थायी वा करारमा नियुक्त कर्मचारी,

(ङ) यो कार्यविधि प्रारम्भ भएका बखत सेवाबाट अवकाश पाइसकेका कर्मचारी,

(च) गाउँपालिकाको सम्पत्ति हिनामिना गरेको वा भ्रष्टाचार गरेको अभियोगमा कारबाही चलिरहेको कर्मचारी ।

**१३. कबुलियतनामा गर्नुपर्नेः** यो कार्यविधि बमोजिम ऋण प्राप्त, गर्ने कर्मचारी ले त्यस्तो ऋण प्राप्त गर्नु अघि अनुसूची-३ मा तोकिए बमोजिमको ढाँचामा कबुलियतनामा गर्नु पर्दछ ।

**१४. समितिका पदाधिकारीहरूको काम, कर्तव्य र अधिकार:** समितिका पदाधिकारी को काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) संयोजकको काम, कर्तव्य र अधिकार:

(१) कोषको बैठकको अध्यक्षता गर्ने,

(२) कोषको सम्पूर्ण गतिविधिको नेतृत्व गर्ने,

(३) कोषका हरेक क्रियाकलापको जवाफदेहीता वहन गर्ने,

(४) बैठकमा मत बराबर भएमा निर्णायक मत दिने,

(५) बैठकको निर्णय कार्यान्वयन गराउने ।

(ख) सदस्य-सचिवको काम, कर्तव्य र अधिकार:

(१) कोषको कार्यालय सञ्चालन गर्ने,

(२) कोषको बैठकमा पेश गर्ने छलफलका विषयहरू अध्यक्ष सँग परामर्श गरी तयार गर्ने,

(३) बैठकको निर्णय अभिलेखन गरी राखे,

(४) बैठकको निर्णय कार्यान्वयन गर्ने,

(५) संयोजकको निर्देशन अनुसार कार्य सञ्चालन गर्ने,

(६) कोषको चल अचल सम्पत्तिको जिम्मा लिने ।

(ग) सदस्यको काम, कर्तव्य र अधिकार:

(१) समितिको बैठकमा नियमित रूपमा भाग लिने,

(२) समितिको बैठक र कार्यहरूमा अन्य पदार्थकारीलाई सघाउने,

(३) समितिले दिएको अन्य जिम्मेवारीको वहन गर्ने ।

**१५. समितिको काम, कर्तव्य र अधिकार:** कोष सञ्चालक समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ,

(क) बैठकबाट पारित निर्णय कार्यान्वयन गर्ने,

(ख) गाउँपालिकाको कार्यपालिका र सभासँग सु-सम्बन्ध कायम राखी गाउँ पालिकाबाट कोषको लागि आर्थिक स्रोत जुटाउन पहल गर्ने,

(ग) कोषको आय वृद्दि गर्न विविध कार्यक्रम सञ्चालन गर्ने,

(घ) कोषका सदस्यहरूलाई समानताको आधारमा सुविधाहरू उपलब्ध गराउने,

(ङ) सार्वजनिक हित प्रवर्द्धन विषयमा पुँजीलाई कोषको निर्णय अनुसार रकम खर्च गर्ने,

(च) कोषको सञ्चित पूँजीलाई उपार्जनीय कार्यमा उपयुक्त तरिकाले परिचालन गर्ने ।

**१६. समितिका सदस्य तथा कर्मचारीको उत्तरदायित्वः**

(क) समितिले अन्यथा निर्णय गरेकोमा बाहेक कुनै पनि कर्मचारीले कोषबाट पाउने कुनै पनि सुविधालाई आफ्नो हकको रूपमा दावी गर्न पाउने छैन ।

(ख) कोष सञ्चालक समितिका सदस्य तथा कर्मचारीले यस कार्यविधिको उद्देश्य विपरित हुने गरी कोषको वितरणमा भेदभाव गर्न वा कोषको दुरुपयोग गर्न पाउने छैन ।

(ग) कोषको उद्देश्य विपरित वा कोषको दुरुपयोग हुने गरी काम गरेको प्रमाणित भएमा त्यस्तो कार्यमा संलग्न समितिका सदस्य वा कर्मचारीले पाउने सुविधा रकम रोक्का गरिनेछ ।

(घ) कुनै कर्मचारीको खराब आचरण वा अन्य कुनै कारणले समितिले रोक्का गरी राखेको सुविधा बापतको रकम निजले आफ्नो आचरण सुधार गरेको पाइएमा वा निज उपर लागेको अभियोगबाट सफाइ पाएमा रोक्का रकम समेत फुकुवा गरी नीजलाई एकमुष्ठ रूपमा सुविधा रकम समितिले उपलब्ध गराउनेछ ।

**१७. उपदान पाउनेः**

(क) कर्मचारी कल्याण कोषमा जम्मा भएको रकमबाट गाउँपालिकामा स्थायी रुपमा कार्यरत कर्मचारीले अवकाश प्राप्त गर्दा पाउने उपदान यसै को षबाट प्रदान गरिनेछ ।

(ख) स्थानीय स्वायत्त शासन ऐन, २०५५ तथा नियमावली, २०५६ का अधिनमा रहि नियुक्त भई कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम समायो जन भएका अवकाश प्राप्त स्थायी कर्मचारीलाई देहाय बमोजिम उपदान उपलब्ध गराउनु पर्नेछ ।

(१) पाँच वर्षदेखि दश वर्षसम्म सेवा गरेका कर्मचारीले आफूले काम गरेको प्रत्येक वर्षको निमित्त खाइपाइ आएको आधा महिनाको तलब बराबरको रकम,

(२) दश वर्षदेखि पन्ध्र वर्षसम्म सेवा गरेका कर्मचारीले आफूले काम गरेको प्रत्येक वर्षको निमित्त खाइपाई आएको एक महिनाको तलब बराबरको रकम,

(३) पन्ध्र वर्ष देखि बीस वर्षसम्म सेवा गरेका कर्मचारीले आफूले काम गरेको प्रत्येक वर्षको निमित्त खाइपाइ आएको डेढ महिना तलब बराबरको रकम,

(४) बीस वर्ष देखि पच्चीस वर्षसम्म सेवा गरेका निवृत्तभरण कोषमा योगदान नदिएका र निवृतभरण लिन नचाहने कर्मचारीले आफूले काम गरेको प्रत्येक वर्षको निमित्त खाइपाइ आएको दुई महिनाको तलब बराबरको रकम ।

(५) पच्चीस वर्ष भन्दा बढी सेवा गरेका, निवृत्तभरण कोषमा योगदान नदिएका र निवृतभरण लिन नचाहने कर्मचारीले आफूले काम गरेको प्रत्येक वर्षको निमित्त खाइपाइ आएको अढाई महिनाको तलब बराबर को रकम ।

**१८. बीमा सम्बन्धी व्यवस्थाः**

(क) शिवालय गाउँपालिकाले आफ्ना स्थायी कर्मचारीको लागि आवधिक बीमा सम्बन्धी व्यवस्था गर्न सक्नेछ ।

(ख) यसरी गरिएको आवधिक बीमा सम्बन्धी व्यवस्थामा बीमा बापत लागेको प्रिमियम रकमको आधा भाग (पचास प्रतिशत रकम) कर्मचारी स्वयंले व्यहोर्नु पर्नेछ । उपरोक्त व्यवस्था अनुसार आधा भाग नव्यहोर्ने कर्मचारीले बीमाको सुविधा पाउने छैनन् ।

**१९. थप आर्थिक सहायता सम्बन्धी व्यवस्थाः** स्थानीय स्वायत्त शासन नियमावली, २०५६ को नियम २६७ वा अन्य प्रचलित कानून बमोजिम थप आर्थिक सहायता उपलब्ध गराउँदा देहाय बमोजिम गर्नुपर्नेछ ।

(क) गाउँपालिकाको कामको सिलसिलामा चोटपटक लाग्न गई उपचार गराउनु परेमा,

(ख) नेपाल राज्यभित्र उपचार हुन नसक्ने भनी मेडिकल बोर्डबाट सिफारिश भएको अवस्थामा,

(ग) गाउँपालिका कार्यपालिकाले थप आर्थिक सहायता दिन मनासिव ठहराएमा ।

**२०. उपचार खर्च सम्बन्धी व्यवस्थाः** (१) स्थानीय स्वायत्त शासन नियमावली, २०५६ को नियम २६६ वा अन्य प्रचलित कानून बमोजिम उपचार खर्च बापत लाग्ने रकम गाउँपालिकाले प्रत्येक आर्थिक वर्षमा हिसाब गरी यस कोषमा जम्मा गर्नुपर्नेछ ।

(२) यसरी कोषमा जम्मा भएको रकमबाट मात्र कर्मचारीलाई उपचार खर्च वापत रकम उपलब्ध गराइनेछ ।

(३) गाउँपालिकाले कोषमा जम्मा गरेको रकमबाट कर्मचारी वा नीजको परिवारको सदस्य विरामी भएमा देहाय बमोजिम उपचार खर्च उपलब्ध

गराउनु पर्नेछ:

(क) रोगको उपचारको निमित्त स्वीकृत चिकित्सकले जाँच गर्दा लागेको शुल्क तथा जाँच गरी लेखिदिएको प्रेसक्रिप्सन अनुसार औषधि किनेको खर्च रकम,

(ख) अस्पतालमा भर्ना हुँदा र उपचार गराउँदा लागेको बील बमोजिमको खर्च रकम,

स्पष्टीकरण: स्वीकृत चिकित्सक भन्नाले सरकारी सेवामा रहेका वा प्रचलित कानून बमोजिम चिकित्सकको रूपमा दर्ता भएका डाक्टर, कविराज, हेल्थ असिष्टेन्ट वा वैद्य समेतलाई जनाउनेछ।

(ग) प्लाष्टिक सर्जरी बाहेक सबै किसिमको चिरफार (सर्जिकल अपरेशन) गर्दा लागेको बील बमोजिमको खर्च रकम,

(घ) आफ्नो घर वा डेरा छाडी गाउँपालिका बाहिर वा विदेशमा गई औषधि उपचार गराउँदा त्यस्तो स्थानसम्म पुग्दाको र फर्कदाको विरामीको र कुरुवा चाहिने अवस्था भए एकजना सम्म कुरुवाको यातायात खर्चको सम्पुर्ण रकम र खाना खर्च बापत सम्बन्धित कर्मचारीले प्रचलित कानून बमोजिम पाउने दैनिक भत्ताको पचहत्तर प्रतिशत रकम,

(४) स्थानीय स्वायत्त शासन नियमावली, २०५६ वा अन्य प्रचलित कानून बमो जिम पाउने उपचार खर्च कुनै कर्मचारीले पेश्कीको रूपमा लिन चाहेमा सो को कारण मनासिव देखिए कार्यविधिको अधिनमा रही पछि हिसाब बुझाउने गरी पेश्की दिन सकिनेछ । त्यसरी पेश्की लिएको रकम पछि हिसाब गर्दा उपचार बापत पाउने रकम भन्दा बढी हुन आएमा बढी भए जति रकम सम्बन्धित कर्मचारीको तलबबाट किस्ताबन्दीमा कट्टी गर्नु पर्दछ । त्यसरी कट्टी गर्नुपर्ने रकम भुक्तानी नहुँदै त्यस्तो कर्मचारी वा नीजको परिवारको सदस्यको मृत्यु भएमा कट्टी गर्न बाँकी रहेको रकम मिनाहा गर्न सकिनेछ ।

(५) झुट्टा व्यहोरा पेश गरी उपचार खर्च माग गर्ने वा प्राप्त गर्ने कर्मचारी उपर विभागीय कारबाही गर्न सकिनेछ। त्यस्तो झुट्टा व्यहोरा प्रमाणित गर्ने चिकित्सकलाई सम्बन्धित निकायमा कार्वाहीको लागि सिफारिस गर्न सकिनेछ ।

(६) भविष्यमा पञ्चपुरी नगरपालिकाको कुनै पदमा सेवाको निमित्त सामान्यतया अयोग्य ठहरिने गरी कर्मचारी सेवाबाट बरखास्त गरिएको अवस्थामा

बाहेक अरु जुनसुकै व्यहोराबाट कुनै कर्मचारी सेवाबाट अलग हुँदा यस कार्यविधि बमोजिम सेवा अवधिभरमा पाउने उपचार खर्च मध्ये केही लिई वा नलिई उपचार खर्च लिन बाँकी रहेको भए त्यस्तो बाँकी रकम एकमुष्ट उपलब्ध गराउनु पर्नेछ ।

(७) दश वर्ष सेवा अवधि नपुगेको कुनै कर्मचारीलाई औषधि उपचारको लागि खर्च दिँदा यस कार्यविधिमा तोकिएको रकमलाई दश वर्ष सेवा गरेबापत पाउने रकम मानी दामासाहीले हुन आउने रकम मात्र उपलब्ध गराउनु पर्नेछ ।

(८) उपचार खर्च माग गर्ने कर्मचारीले कार्यालयमा हाजिर हुन नसक्ने गरी बिरामी भएको अवस्थामा बिरामी बिदा बाँकी भएसम्म बिरामी बिदा नै माग गर्नुपर्नेछ । विरामी बिदा बाँकी नभएमा मात्र अन्य बिदा माग गर्न सक्नेछ ।

(९) अस्पतालमा भर्ना भई वा विदेशमा गई उपचार गराइएकोमा बाहेक कुनै कर्मचारीलाई स्थानीय स्वायत्त शासन नियमावली, २०५६ को नियम २६६ वा अन्य प्रचलित  कानूनको अधिनमा रही एक वर्षमा नीजले खाइपाइ आएको डेढ महिनाको तलब बराबरको रकमसम्म उपचार खर्च दिन सकिनेछ ।

(१०) कुनै कर्मचारीलाई लागेको रोग स्थानीय अस्पतालबाट उपचार हुन नसक्ने भई निजको ज्यानलाई नै जोखिम हुने अवस्था परेमा मन्त्रालयको स्वीकृति लिई त्यस्तो कर्मचारीको उपचारको लागि त्यस ठाउँबाट सबैभन्दा नजिकको कुनै सुविधायुक्त सरकारी अस्पतालमा छिटो साधनद्वारा लैजाँदा र त्यहाँबाट फर्काउँदा लाग्ने यातायात खर्च पञ्चपुरी नगरपालिकाले व्यहोर्न सक्नेछ ।

२१. **सुविधा तथा सहुलियतबाट वञ्चित गरिने अवस्थाः** देहायको अवस्थामा गाउँपालिकाका कर्मचारीलाई पुरै वा आंशिक रूपमा कर्मचारी कल्याण कोष अन्तर्गत सञ्चालित कार्यक्रमबाट दिइने सुबिधाबाट वञ्चित गर्न सकिनेछः

(क) गाउँपालिकालाई आँच पुर्याउने कार्य गरेको प्रमाणित भएमा,

(ख) प्रचलित कानून विपरित कार्य गरेको प्रमाणित भएमा,

(ग) प्राप्त सुविधा तथा सहुलियत दुरुपयोग गरेको प्रमाणित भएमा,

(घ) नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाय पाएमा ।

२२. **लगानी गर्न सक्नेः** कोषमा जम्मा रहेको रकम गाउँ कार्यपालिकाको स्वीकृति लिई समितिले नेपाल सरकार वा नेपाल राष्ट्र बैंकले जारी गरेको ऋणपत्र,

जमानतपत्र, बचतपत्रमा लगानी गर्न सक्नेछ ।

**२३. कोषको रकम सापटी दिन सकिने:** (१)पाँच वर्ष स्थायी सेवा अवधि पुगेका शिवालय गाउँपालिकाका कर्मचारीलाई निजको कल्याण कोषमा जम्मा भएको रकमको नब्बे प्रतिशत रकम बराबर सम्मको मात्र सापटी प्रदान गर्न सकिनेछ । कर्मचारीले कोषबाट रकम सापटी लिन अनुसूची-५ बमोजिमको सापटी निवेदन पेश गर्नु पर्नेछ ।

(२) समितिले कर्मचारीलाई प्रदान गरेको सापटी रकमलाई दुई/दुई वर्षमा नवीकरण गर्न सक्नेछ ।

(३) समितिले सापटी प्रदान गर्दा कर्मचारीले एक पटक लिएको रकम चुक्ता नगरेसम्म पुनः सापटी दिइने छैन ।

**२४. सापटी सुरक्षा:** गाउँपालिकामा कार्यरत कर्मचारीहरूले कर्मचारी कल्याण कोषमा जम्मा रहेको सञ्चित रकम मध्येबाट लिएको सापटी रकम फिर्ता नगरेसम्म कोषमा बाँकी रहेको रकमलाई सुरक्षणको रूपमा रोक्का राखु पर्नेछ।

**२५. ब्याज दर:** कर्मचारी कल्याण कोषबाट सापटी लिएको रकममा बार्षिक व्याज कार्यविधिको दफा ९ मा उल्लेखित समितिले निर्धारण गरे बमोजिम लाग्नेछ ।

**२६. सापटी अवधि र फिर्ता भुक्तानी:** (१)कर्मचारीले लिएको सापटी रकमको भुक्तानी अवधि सापटी लिएको मितिबाट दुई वर्षको हुनेछ । सेवा अवधि दुई वर्ष भन्दा कम बाँकी रहेका कर्मचारीको हकमा सापटीको चुक्ता अवधि बाँकी सेवा अवधि नै हुनेछ । चुक्ता अवधि बाँकी छँदै एकमुष्ट वा किस्ताबन्दीमा रकम चुक्ता गर्न चाहेमा चुक्ता गर्न सकिनेछ ।

(२) रकम सापटी लिएका नगरपालिकाका कर्मचारी जुनसुकै कारणबाट सेवा निवृत्त भए तापनि कोषले लिनुपर्ने सम्पूर्ण रकम असुल नभएसम्म कोषमा सञ्चित रहेको रकम फिर्ता भुक्तानी दिइने छैन ।

(३) सापटी लिएको रकम भन्दा निजको सञ्चित बाँकी रकम कम भई कोषको लगानी नउठ्ने अबस्था परेमा त्यस्तो सापटी लिने कर्मचारीको जुनसुकै बाँकी बक्यौता रकम वा अन्य सम्पत्तिबाट बाँकी रकम असूल उपर गर्नु पर्नेछ ।

**२७. निर्देशन दिन सक्ने:** कोष सञ्चालन सम्बन्धी विषयमा शिवालय गाउँपालिकाको कार्यपालिकाले दफा ९ वमोजिम गठीत समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यसरी दिइएको निर्देशन समितिले पालना गर्नु पर्नेछ ।

२८. **अनुगमन तथा रेखदेखः** कोष सञ्चालन सम्बन्धी कार्यको अनुगमन तथा रेख देख प्रमुख प्रशासकीय अधिकृतले गर्नु पर्नेछ ।

२९. **अधिकार प्रत्यायोजनः** समितिलाई प्राप्त अधिकार मध्ये कुनै वा सबै अधिकार आवश्यकता अनुसार यसै कार्यविधी अनुसार गठीत कुनै उपसमिति, कार्यदल वा अधिकृत व्यक्तिलाई प्रत्यायोजन गर्न सकिनेछ ।

३०. **दायित्व सर्नेः** यो कार्यविधि प्रारम्भ हुनुभन्दा अघि सृजना भएका शिवालय गाउँपालिका कर्मचारीको कल्याण कोषसँग सम्बन्धित हक तथा दायित्व यस कार्यविधि बमोजिमको कोषमा सर्नेछन् ।

३१. **संशोधन, बचाउ र खारेजीः** (१) यो कार्यविधि प्रारम्भ हुनु भन्दा अघि शिवालय गाउँपालिका कर्मचारी कल्याण कोषको नाममा भए गरेका सम्पूर्ण कार्यहरू यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ ।

(२) यस कार्यविधिमा उल्लेखित कुराहरुमा कुनै संशोधन गर्नु परेमा प्रचलित ऐन नियमको परिधि भित्र रही कार्यपालिकाले गर्न सक्नेछ।

(३) यस कार्यविधिमा उल्लेख गरिएका कुराहरुको हकमा यसै कार्यविधी अनुसार र उल्लेख नभएका कुराहरुका हकमा प्रचलित ऐन नियम अनुसार हुनेछ ।

(४) कार्यविधीमा लेखिएका कुराहरु संघीय वा प्रदेशको प्रचलित कानूनसँग बाझिएमा बाझिएको हदसम्म स्वतः निष्कृय हुनेछ ।

## अनुसूची-१
## पञ्चपुरी नगरपालिका कार्यालय, कर्मचारी कल्याण कोष
## सदस्यता दर्ता किताब

सि.न.

मिति

कर्मचारीको नाम

दर्जा

कट्टी रकमका शीर्षकहरु

निवृत भरण

उपदान

औषधि उपचार

अन्य

प्रमाणित गर्नेको

दस्तखतः

नाम, थरः

दर्जाः

मितिः

## अनुसूची-२
## पास बुकको नमूना
## सदस्यता नं.
## शिवालय गाउँपालिकाको कार्यालय, कर्मचारी कल्याण कोष कोष
## जम्मा किताब (पासबुक)

पद :

कर्मचारीको नामथर :

ठेगाना :

कोष कट्टी शुरु मिति :

कट्टी रकम

वर्ष/महिना

वीमा वापत

उपदान वापत

निवृतभरण

औषधि उपचार

अन्य

## अनुसूची-३
## कबुलियतनामा

शिवालय गाउँपालिकाको कार्यालयको... तहको स्थायी कर्मचारी म......... कामको लागि कर्मचारी कल्याण कोषबाट रकम सापटी लिनुपर्ने अवस्था भएकोले मैले मिति मा पेश गरेको निवेदनको आधारमा त्यस समितिबाट स्वीकृत भएको रू......... ..... आजका मितिमा बुझिलिएँ । उक्त रकमको बार्षिक (अक्षरेपी प्रतिशत ब्याज र साँवा रकम, दुई वर्ष भित्र चुक्ता गर्नेछु । यदि सो अवधि भित्रमा सावा तथा व्याज रकम चुक्ता गर्न नसकेमा मेरो/खाताममा कल्याण कोषमा जम्मा भएको रकम रोक्का गरी उक्त रकमले नखामे जति मेरो अन्य चल/अचल सम्पत्तिबाट असूल उपर गरी लिएमा मेरो मन्जुरी छ । पछि यस सम्बन्धमा हुने कुनै उजुर बाजुर गर्ने छैन भनी यो कबुलियतनामा गरिदिएको छु।

दाँया बायाँ

कबुलियतनामा गर्नेको
दस्तखतः
नामः
पदः
मितिः

## अनुसूची-४
## सापटीको लागि पेश गर्ने निवेदनको ढाँचा

श्री संयोजकज्यू
कर्मचारी कल्याण कोष सञ्चालक समिति,
शिवालय गाउँपालिका कार्यालय, सिमा, जाजरकोट ।

उपरोक्त विषयमा मलाई कामको लागि त्यस कोषबाट रू (अक्षरेपी ....) सापटी चाहिएको हुनाले यो निवेदन पेश गरेको छु। प्रचलित ऐन, नियम तथा कार्यविधि बमोजिम पालना गर्नुपर्ने शर्त पालन गर्न मन्जुर छु भनी सापटी पाउन यो निवेदन पेश गरेको छु ।

निवेदक

दस्तखतः
नाम, थरः
दर्जा
मितिः

आज्ञाले
गोपाल शाही
प्रमुख प्रशासकीय अधिकृत